# नौमूले गाँउपालिका दैलेख
# आर्थिक वर्ष २०७४ ०७५

१. बार्षिक नीति तथा कार्यक्रम २०७४ ०७५
२. बार्षिक बजेट तथा कार्यक्रम २०७४ ०७५
३. आर्थिक ऐन, २०७४
४. विनियोजन ऐन, २०७५
५. बार्षिक बजेट २०७४ ०७५ का अनुसूचिहरु

आर्थिक वर्ष २०७४ ०७५

नौमूले गाँउपालिका दैलेख

# विषयसूची

## खण्ड १ -परिचय

१.१ स्थानीय तहको संक्षिप्त परिचय
१.२ विद्यमान अवस्थाको समिक्षा
१.२.१ सबलपक्ष
१.२.२ कमजोर पक्ष
१.२.३ अवसर
१.२.४ चूनौती
१.३ वार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमाका लागि अवलम्बन गरिएको पद्धति
१.४ आयोजना प्राथमिकिकरणका आधारहरु

## खण्ड २ – चालु आ.व. २०७३/७४ को समिक्षा

२.१ साविकको स्थानीय निकायहरुबाट सम्पन्न कार्यक्रमको समिक्षा
२.२ विषयगत निकायहरु स्थानीयतहमा हस्तान्तरण हुनुपूर्व सम्पन्न कार्यक्रमको समिक्षा
२.३ स्थानीय तह गठन पश्चात सम्पन्न कार्यक्रमको समिक्षा
२.४ गैहसरकारी संघ संस्थाहरुबाट सम्पन्न कार्यक्रमको समिक्षा

## खण्ड ३ - आगामी आ.व.२०७४/७५ को नीति, बजेट तथा कार्यक्रम

३.१ सोंच
३.२ लक्ष्य
३.३ उद्देश्य
३.४ अपेक्षित उपलब्धी
३.५ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु
३.५.१समग्र नीति तथा आधारहरु
३.५.२क्षेत्रगत नीति तथा आधारहरुः
(क) आर्थिक क्षेत्र
(ख) सामाजिक क्षेत्र
(ग) पूर्वाधार क्षेत्र
(घ) वातावरण तथा विपद व्यवस्थापन
(ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन
३.६ मुख्य मुख्य आयोजना र क्रियाकलापहरु
३.७ अनुमानित व्यय र स्रोत व्यवस्थापन

## खण्ड ४ - ऐनहरु

४.१ आर्थिक ऐन २०७४ २०७५
४.२ विनियोजन ऐन २०७४

## खण्ड ५ - अनुसूचिहरु

अनुसूचि १ - आय व्ययको विवरण
अनुसूचि २ - राजस्व तथा अनुदान प्राप्तिको अनुमान
अनुसूचि ३ - व्यय अनुमान
अनुसूचि ४ - वित्तीय व्यवस्था अनुमान
अनुसूचि ५ - कार्यक्षेत्रगत व्यय अनुमान
अनुसूचि ६ - वार्षिक विकास कार्यक्रम
अनुसूचि ७ – वार्षिक कार्यक्रम कार्यान्वयन योजना

# नौमूले गाउँपालिका

## नौमूले, दैलेख

# आ.ब. २०७४।७५ को वार्षिक नीति, कार्यक्रम

३१ असार २०७४

नौमूले गाउँपालिका दैलेख

नौमूले गाउँपालिकाको पहिलो गाउँसभाका उपाध्यक्षज्यू,
उपस्थित सम्पुर्ण गाउँसभाका सदस्यहरु,
सम्पुर्ण राष्ट्रसेवक कर्मचारीहरु
पत्रकार मित्र तथा उपस्थित महानुभावहरु,

नेपालको संविधान (२०७२) जारी भई उक्त संविधानको निर्देशन बमोजिम देशमा संघीयता कार्यान्वयनमा आएको छ । लामो समयसम्मको आम नेपाली जनताको प्रतीक्षा, दश बर्षे सशस्त्र संघर्ष, २०६२।०६३ को जनआन्दोलन, मधेश आन्दोलन, संविधानसभाको निर्वाचन मार्फत निर्वाचित जनताका प्रतिनिधि द्धारा संविधान जारी भइ हाल नेपालको संविधान, २०७२ कार्यान्वयनमा रहेको छ । संविधानले सुनिश्चित गरेका प्रावधानहरुलाई व्यवहारतः रुपान्तरण गर्ने क्रममा स्थानीय तहको निर्वाचन, २०७४ सम्पन्न भई आज हामी नौमूले गाउँपालिकामा स्थानीय सरकारको रुपमा रही यस गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा निकै हर्षीत भएका छौँ ।

देशलाई यस स्थितमा ल्याइपुर्याउन आफ्नो प्राणत्याग गर्ने सम्पुर्ण महान सहीदहरु, जनआन्दोलनका घाइतेहरु, द्वन्द्वपीडितहरु तथा देशमा गणतन्त्र स्थापना तथा संघीयता स्थापना गर्न अहम भुमिका खेल्ने सम्पुर्ण ज्ञात अज्ञात व्यक्तिहरुलाई सम्झन चाहन्छौं । संघीयता र स्थानीय सरकार मार्फत गाउँगाउँमा सिंहदरबार लाई मुर्तरुप दिने जिम्मेवारी हाम्रो काँधमा आएको छ । यो हाम्रो लागि अवसर र चुनौति दुवै हो । अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण भई तल्लो निकायलाई अधिकारसम्पन्न बनाउने प्रयास गरिएको छ, जुन स्वागतयोग्य पनि छ ।

उपस्थित सम्पुर्ण महानुभावहरु,

**अव म यस नौमूले गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

१. नेपालको संविधान (२०७२) बमोजिम स्थानीय तहको निर्वाचन भई जनप्रतिनिधिमुलक स्थानिय तहको स्थापना भएको छ । अवका दिनमा नौमूले गाउँपालिकाको स्थानीय सरकारले यस गाउँपालिकामा जलविद्युत, दिगो विकास र व्यवसायिक कृषि, पशुपालन, पर्यटन र सहकारी क्षेत्रलाई उत्पादनमुखी र आत्मनिर्भर बनाई आर्थिक विकास गर्दै गरिवी न्यूनीकरण गर्ने प्रमुख नीति लिएको छ ।

२. यस नौमूले गाउँपालिकामा पूर्वाधार विकास गरि समृद्ध गाउँपालिका वनाउनका लागि नौमूले बजारदेखी दैलेख बजारसम्म पुग्ने सडक बाह्रै महिना सञ्चालनमा आउने गरि स्तरोन्नती गर्ने, नौमूले गाउँपालिकाको सवै वडाहरुमा सडक संञ्जाल विस्तार गर्नुका साथै वडाहरुका केन्द्रसम्म पुग्ने गरि सडकहरुको स्तरोन्नती गर्ने तर्फ विशेष प्राथामिकता दिईने छ साथै गाउँपालिका क्षेत्रभित्र रहेका काठेपुलहरुलाई विस्थापित गर्दै झोलुङ्गे पुल तथा पक्कि निर्माणको लागि पहल गरिने छ ।

३. नौमूले गाउँपालिका क्षेत्रमा उत्पादन हुने धान, मकै, कोदो, गहुँ, जौ, फापर, आलु भट्टमास लगाएतका अन्नको उत्पादन वढाउने तर्फ आवश्यक कार्यक्रमहरु ल्याईने छ । पशुपालनको रुपमा भेडा, बाखा, गाई, भैसी तथा बंगुरको व्यवसायिक उत्पादन अभिबृद्धि गर्नुको साथै दुध, घ्यू, मासुमा आत्मनिर्भर वनाउन विशेष जोड दिईने छ । साथै उत्पादित कृषि उपजहरुको संकलन तथा निर्यातको लागि कृषि संकलन केन्द्र निर्माण र एक वडा एक उत्पादनको अवधारणालाई विशेष प्रथामिकता दिईने छ ।

४. यस नौमूले गाउँपालिकाको प्रवेशविन्दुमा स्वागतद्धार निर्माण गरि यस क्षेत्रमा प्रवेश गर्ने आगन्तुकहरुलाई आत्मिय स्वागत गर्दै यस गाउँपालिकामा रहेका पर्यटकिय क्षेत्रहरु द्वारी खोलाको झरना, महावै जगनाथ मन्दिर लगायतका सम्पदाहरुको उचित प्रवर्द्धन गरि पर्यटकीय गन्तव्य वनाउने, सल्लेरीमा होम स्टे (Home Stay) सञ्चालन गरिनुको साथै यस क्षेत्रको सांस्कृतिक तथा स्थानीय कलाकृति, मौलिक साँस्कृतिक परम्परा तथा रितिरिवाजको राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा प्रचार प्रसार गर्नका लागि डकुमेन्ट्रि निर्माण गर्ने, विद्युतिय सामाजिक सञ्जाल तथा टेलिभिजनबाट प्रसारण गरि पर्यटन क्षेत्रको विकासमा जोड दिईने छ ।

५. हरेक घर उज्यालो घर भन्ने भनाइलाई मुर्त रुप दिनका लागि विद्युतिय आपुर्तिलाई सहज बनाउन तत्काल नेपाल विद्युत प्राधिकरण तथा अन्य दातृ निकायहरुसंग समन्वय र सहकार्य गरि यस गाउँपालिकाको केन्द्र

नौमूलेसम्म राष्ट्रिय प्रसारण लाईन यसै आ.व.मा जडान गरिनुको साथै आगामी आ.व.मा बाँकी सवै वडाहरुमा क्रमशः विस्तार गरिने छ । हाल यस गाउँपालिकामा संञ्चालनमा रहेका लघु जलविद्युतहरुको क्षमता बृद्धि गरि विस्तार गरिने छ । साथै यस गाउँपालिकालाई विद्युतिय आत्मनिर्भर वनाउनको लागि सम्भाव्यता अध्ययनको कार्य थालनी गरिने छ ।

६. यस गाउँपालिकाको केन्द्र नौमूले लगायत विभिन्न क्षेत्रमा हाल भएको संञ्चार असुविधालाई मध्यनजर गर्दै टेलिकम सेवा प्रदायकहरुसँग आवश्यक समन्वय गरि तत्काल GSM मोवाईल सेवा सुचारु गरि ईन्टरनेट सहितको सुचना प्रविधिको विकासका सम्भावना वारे राष्ट्रिय आविष्कार केन्द्रसँग समन्वय गरिने छ ।

७. यस गाउँपालिकाका सम्पूर्ण जनताहरुको स्वच्छ खाने पानी र सरसफाईको सहज पहुँचको लागि साविक खानेपानी तथा सरसफाई सव-डिभिजन कार्यलय तथा ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना (RVWRMP) को कार्यक्षेत्र विस्तारको लागि आवश्यक पहल गरिनुको साथै स्वास्थ्य सरसफाई सम्बन्धि जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछन ।

८. यस गाउँपालिकामा रहेका दलित, जनजाति, महिला, अपाङ्ग लगायत लक्षित वर्गको सामाजिक, भौतिक र आर्थिक उन्नतीको लागि विभिन्न सरकारी र गैर सरकारी क्षेत्रसँग समन्वय र सहकार्य गरि मानवीय विकासको मुलधारमा समाहित गर्नको लागि विभिन्न सशक्तिकरणका कार्यक्रमहरु संञ्चालन गरिनेछन । साथै गरिव विपन्न तथा दलित समुदायका साथै लोपोन्मुख अवस्थामा रहेका जातजातिहरु तथा कमजोर सामाजिक तथा आर्थिक परिस्थिति भएका परिवारहरुको आवासको लागि जनता आवास कार्यक्रमसंग समन्वय गरि निर्माण गरिने छ । गाउँपालिका भित्र विद्यमान सवै प्रकारका विभेदहरुको अन्त्य गर्न आवश्यक पहल गरिनेछ ।

९. यस गाउँपालिकाको सामाजिक, भौतिक र आर्थिक विकासको लागि क्षेत्रगत गुरुयोजना (Master Plan) निर्माण गरि योजनाबद्ध विकास अभियानहरु कार्यान्वयन गर्न विभिन्न सरकारी, गैरसरकारी तथा दातृ निकायहरुसंग समन्वय र सहकार्य गरिने छ ।

१०. प्राकृतिक प्रकोपहरुबाट हुने मानवीय क्षति न्युनिकरण गर्न, राहत तथा पुनस्थापना गर्नको लागि विपद् व्यवस्थापन कोष खडा गरिने छ ।

११. कर राजश्व तथा गैरकर राजश्वका दरहरुलाई फराकिलो पार्दै आन्तरिक आम्दानीमा बृद्धि गरि यस गाउँपालिकालाई स्वावलम्वन तर्फ उन्मुख गराईने छ । साथै नियमित कर भुक्तानी प्रकृयाबाट उत्कृष्ट करदाता छनौट गरि पुरस्कृत तथा सम्मान गरिने छ ।

१२. आजको युग सुचना र सञ्चारको युग हो । सुचना र सञ्चार प्रविधिविना समृद्धिको परिकल्पना गर्न सकिँदैन । भरपर्दो संचार व्यवस्था का लागि प्रत्येक वडामा एक एक थान प्रिन्टर सहितको कम्प्युटर को व्यवस्था गरि वडाहरुमा ईन्टरनेट सुविधा पुर्याईनेछ ।

१३. विद्यालयको पहुँच भन्दाबाहिर रहेका वालवालिको आधारभुत शिक्षा प्राप्तिको लागि विभिन्न चेतनामुलक कार्यक्रम सञ्चालन गर्ने, बालमैत्री विद्यालय वातावरण, विभेदरहित विद्यालय, वालवालिकाका लागि विद्यालयको सहज पहुँच, जस्ता कार्यक्रमहरुको साथै विद्यालयको पूर्वाधार विकास लगायतका कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरिने छ । यस गाउँपालिकामा संञ्चालनमा रहेका सामुदायिक अध्ययन केन्द्र, बालविकास केन्द्र, आधारभुत र माध्यामिक विद्यालयहरुमा विद्यमान समस्या समधानको लागि अधिकारप्राप्त कार्यदल निर्माण गरि समस्याको पंहिचान, उपर्युक्त विकल्प सहितको प्रतिवेदन प्राप्तपश्चात आगामी शैक्षिक वर्ष २०७५ शुरु हुनु अगावै विद्यालय व्यवस्थापनको लागि आवश्यक कदम चालिने छ ।

१४. गाउँपालिका भित्रका जनतालाई सुरक्षित खानेपानीको प्रवन्ध मिलाउनका लागि पहल गरिनेछ । खानेपानीको अभाव भएका वस्तीहरुमा स्वच्छ खानेपानीको सुविधा उपलब्ध गराउन खानेपानी आयोजनाहरु सञ्चालन गरिनेछ । खानेपानीको सहज व्यवस्थापनका लागि कुवा मर्मत, थप पाईपको व्यवस्था, फोहोरमैला व्यवस्थापन गर्ने, खानेपानीको शुद्धीकरण गरेर मात्र पिउने, सरसफाईमा ध्यान दिने संस्कारको विकास गर्ने तथा यस सम्बन्धमा **सफा र स्वच्छ खानपान, नौमूलेको पहिचान** नारा लाई मुर्तरुप दिन कार्यक्रमहरु ल्याइनेछ ।

उपस्थित सम्पूर्ण महानुभावहरु,

१५. **स्वस्थ्य नै धन हो** भन्ने मान्यतालाई आत्मसात गर्दै यस क्षेत्रमा स्वास्थ्य सेवा अभिवृद्धि गर्नेतर्फ पहल गरिनेछ । गाउँपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य चौकि हरुको स्तर वृद्धिको पहल गर्नुका साथै स्थास्थ्य कर्मीको बसाईलाई टिकाइराख्न उचित कार्यक्रमहरु सुरुवात गरिनेछ । नेपाल सरकारको **नागरिक स्वास्थ्य विमा कार्यक्रम, म स्वस्थ मेरो गाउँपालिका स्वस्थ** जस्ता कार्यक्रमहरुलाई अगाडि ल्याइनेछ । गाउँपालिकालाई पुर्ण सरसफाईयुक्त बनाउनका साथै वाल मृत्युदर तथा मातृमृत्युदर घटाउन महिला स्वयंसेविकाहरु परिचालन, ग्रामिण स्वास्थ्य कार्यकर्ताहरु परिचालन गर्न थप पहल गरिनेछ । युवा युवतीहरुको लागि यौन तथा एच.आइ.भि. एड्स शिक्षा, सरुवा रोगहरुको नियन्त्रणका लागि प्रचारप्रसार लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१६. नेपाल सरकारले हरेक गाउँपालिकामा १५ शैयाको अस्पताल बनाउने कार्यक्रम लिए अनुरुप यस गाउँपालिकामा १५ शैयाको अस्पताल निर्माण गर्न थप पहल गरिनेछ ।

१७. स्वस्थ र शिर्जनशिल युवाका लगि खेलकुद विकास गर्न सम्भाव्यता अध्ययन गरिनेछ र खेलकुद विकासका पूर्वाधार बनाउने कार्यलाइ तिव्रता दिइनेछ ।

१८. हालसम्म कुनै पनि बैंक नभएको यस गाउँपालिकामा वित्तिय संस्थाहरुलाई आकर्षण गर्नको लागि विशेष प्रकारको आर्थिक गतिविधिहरु संचालन गरिने छन । साथै नेपाल सरकारको प्रत्येक स्थानीय तहमा कम्तिमा १ वटा क बर्गको वैंक स्थापना गर्ने निर्णय कार्यान्वयन गर्न आवश्यक पहल गरि प्रभावकारी बैंकिङ्ग सेवा प्रवाह गरिने छ । गाउँस्तरमा विभिन्न समुहमार्फत वचत गर्ने वानी बसाल्ने, ऋण लिएर लगानी गर्ने लगायतका कार्यमा सहजता ल्याउन स्थानीय स्तरमा सहकारी समुहहरु गठन गर्ने नीति लिइनेछ । वचत वृद्धि, पुँजी निर्माण, ऋण परिचालन मार्फत आम जनताको जीवनस्तरमा सुधार गर्ने तर्फ पहल गरिनेछ ।

१९. कार्यालयले आफै र आफ्नो मातहतका कार्यालयहरु मार्फत प्रवाह गर्ने सेवाको प्रभावकारिता, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुबाई, सामाजिक परिक्षण, नागरिक वडापत्र, सुचनाको हकको प्रत्याभूति, पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचार निवारण लगायतका कार्यहरुमार्फत सुशासन अभिवृद्धि गर्ने खालका कार्यहरुलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्दै लगिनेछ ।

२०. यस गाउँपालिका तथा अन्तर्गत काम गर्ने कर्मचारीहरुलाई काम गर्ने खालको वातावरण सिर्जना गरिनेछ, यस क्षेत्रमा कर्मचारी सँधै बस्ने, गाउँवासीको पीरमर्का सुन्ने, जनताको सेवाभाव जागृत गराउने र गाउँपालिकाका निर्णयहरुलाई अक्षरसः कार्यान्वयनमा ल्याउनका लागि तत्पर हुने अवस्थाको सिर्जना हुने वातावरण मिलाइनेछ ।

२१. युवाहरुलाई उपलब्ध स्रोत साधनको परिचालन गरी रोजगारी सिर्जनामार्फत गरिबी न्युनीकरण गर्ने, युवाहरुलाई सिर्जनात्मक कार्यहरुमा उत्प्रेरित गर्ने, खेलकुदतर्फ प्रोत्साहन गर्ने खालका युवालक्षित कार्यक्रमहरु ल्याइने छ ।

२२. जलवायु परिवर्तनले विश्वलाई नै चुनौति दिइरहेको वर्तमान परिप्रेक्ष्यमा जलवायु परिवर्तनलाई तल्लो तहबाट नै सामना गर्ने खालका गतिविधीहरुलाई प्रोत्साहन गरिनेछ । जलवायु अनुकुलित विकास कार्यक्रमहरु सञ्चालन गरी हरित अर्थतन्त्रको प्रवर्द्धन गर्न पहल गरिनेछ । यसका लागि जलवायु परिवर्तनसँग सम्बन्धित क्षेत्रमा कार्य गर्ने विभिन्न निकायसँग सहकार्य गरि अगाडि बढ्ने नीति अख्तियार गरिनेछ ।

२३. आर्थिक वर्षको अन्त्यमा आएर असारे विकास गर्ने परिपाटीको अन्त्य गर्दै यस वर्षलाई नौमूले गाउँपालिकाको बजेट कार्यान्वयन वर्षको रुपमा मनाइनेछ । यसको लागि आर्थिक वर्षको शुरुमा नै योजना बनाएर काम गर्न शुरु गर्ने र समयमा नै गाउँपालिकाका कार्यक्रमहरु सम्पन्न गरिनेछ ।

अन्त्यमा, नौमूले गाउँपालिकाको पहिचानको रुपमा रहेका जलविद्युतको प्रचुर सम्भावना, द्वारी खोलाको झरना, जडिबुटीको प्रचुरता, यहाँका धार्मिक सास्कृतिक धरोहरहरुको संरक्षण सर्म्बद्धन तथा विकासको लागि बिशेष पहल कदम अगाडि बढाइनेछ ।

**धन्यवाद ।**
**नौमूले गाउँपालिका दैलेख, २०७४**

नौमूले गाउँपालिका दैलेख ।

# नौमूले गाउँपालिका

## नौमूले, दैलेख

# आ.ब. २०७४।७५ को वार्षिक बजेट तथा कार्यक्रम

३१ असार २०७४

नौमूले गाउँपालिका दैलेख

नौमूले गाउँपालिकाको पहिलो गाउँ सभाका अध्यक्ष महोदय,
गाउँ सभाका सम्पुर्ण सदस्यहरु तथा राष्ट्रसेवक कर्मचारीसाथीहरु,

सदियौं देखि नेपाल एक स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न मुलुकको रुपमा रहि आएको छ । हाम्रो वर्तमान परिस्थिति जटिल एवं चुनौती पूर्ण भएता पनि विगतको ईतिहाँस गौरवपूर्ण छ । हाम्रो भविष्य उज्वल र सम्भावनायुक्त छ । विभिन्न कालखण्डहरुमा नेपाली जनताले गरेका वलिदानीपुर्ण जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन लगायत अन्य सवै आन्दोलनवाट संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ घोषणा भई जनताले संवैधानिक रुपमा परिवर्तनको अनुभुति गरिरहेका छन । अहिले हामी संविधान कार्यान्वयनको प्रारम्भिक चरण स्वरुप २०७४ बैशाख ३१ मा स्थानीय तहको निर्वाचनमा सहभागि भै मतदान गनुहुने सबै मतदाता, दिदिबहिनी दाजुभाईहरु, मतदान कार्यलाई निश्पक्ष र शान्तीपूर्ण तवरले सम्पन्न गर्न सहयोग गर्नु हुने राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मी पर्यवेक्षक र संचारकर्मी लगायत सबैप्रति हार्दिक आभार व्यक्त गर्दै धन्यवाद ज्ञापन गर्दछु । संविधानले सुनिश्चित गरेका प्रावधानलाई व्यहारतः रुपान्तरण गर्ने क्रममा स्थानीय सरकारको रुपमा आज हामी नौमूले गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा निकै गौरवान्वित भएका छौ ।

**जलविद्युत, जडिवुटी, पर्यटन, पूर्वाधार व्यवसायिक कृषि, र सुशासन नौमूलेका मुल आधार"** भन्ने मुल नाराको साथ सम्पन्न हुन गैरहेको यस नौमूले गाउँपालिकाको पहिलो गाउँ सभा भएको एतिहाँसिक दिन, म यस गाउँपालिकाको उपाध्यक्षको तर्फबाट यस गरिमामय सभामा आर्थिक वर्ष २०७४।०७५ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नका लागि उपस्थित भएको छु । यस गौरवपुर्ण अवसरमा विभिन्न कालखण्डमा भएका जनआन्दोलन, जनयुद्व, मधेश आन्दोलन लगायतका संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । घाइते र वेपत्ता नागरीकहरु प्रति सम्मान प्रकट गर्दछु । राजनितिक सामाजिक परिवर्तनमा नेतृत्वदायी भुमिका निर्वाह गर्नुहुने सवै अग्रजहरुप्रति सम्मान प्रकट गर्दछु, संघ, प्रदेश र स्थानीय सरकार मार्फत गाउँ गाउँमा सिंहदरवार, आफ्नो गाउँ आफै वनाउँ जस्ता कार्यक्रमहरुलाई मुर्तरुप दिने जिम्मेवारी हाम्रो काँधमा आएको छ । यिनै अवसर र चुनौतीका विचवाट प्राप्त अधिकार, स्रोत साधन, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा हस्तान्तरण भई तल्लो तहलाई अधिकार सम्पन्न वनाउने प्रयास गरिएको छ, जुन स्वागतयोग्य छ ।

सभाध्यक्ष महोदय,
अव म यस गरिमामय गाउँसभा समक्ष नौमूले गाउपालिकाको सक्षिंप्त परिचय सहित चालु आ.व २०७३।७४ को समिक्षा र आगामी आ.व ०७४। ०७५ को वार्षिक नीति तथा कार्यक्रम र अनुमानित आय व्यय सहितको वजेट प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

यस नौमूले गाउँपालिकामा पहिलो चरण अर्न्तगत बैशाख ३१ मा सफलतापूर्वक चुनाब सम्पन्न भई गाउँकार्यपालिका तथा गाउँसभाको गठन पश्चात विभिन्न विषयगत समितिमा छलफल तथा वस्तीस्तरीय योजना तर्जुमा बैठकबाट कार्यक्रम छनोट गरि औचित्य, लाभ लागत विश्लेषण, असर र प्रभावका आधारमा पुर्वाधार, सामाजिक, आर्थिक, वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत विकास तथा सम्पुरक कोष लगाएतका विषयगत क्षेत्रलाई समेटी लक्षित वर्गका समस्या सम्बोधन हुने गरि वजेट विनियोजना गरेको छु ।
नेपालको संविधान २०७२ को अनुसुचि ८ र ९ मा उल्लेख भए वमोजिम स्थानीय तहलाई प्रदान गरिएका अधिकारको दयरा भित्र रहि स्थानीय तहलाई हस्तान्तरण गरिएको सःशर्त अनुदान, वित्तिय समानिकरण अनुदानलाई योजना तथा कार्यक्रमहरुको उच्च प्रथामिकिकरण गरि मितव्ययी ढङ्गले विनियोजन गरेको छु । विभिन्न विषयगत क्षेत्रका समितिहरुको प्रतिवेदन, स्थानीय तहको वजेट तर्जुमा दिग्दर्शन २०७४, विषयगत क्षेत्रका विज्ञहरुसंगको अन्तरक्रिया, वजेट योजना तथा कार्यक्रम तर्जुमाका मापदण्ड र पद्धतीलाई आधार मानी विषयगत क्षेत्र सवै समेट्ने गरी सन्तुलित रुपमा वजेट विनियोजन गर्ने प्रयास गरेको छु ।

## खण्ड १. परिचय

### १. स्थानीय तहको सक्षिंप्त परिचय :

आदरणीय उपस्थित महानुभावहरु नेपालको संविधान (२०७२) ले संघीय राज्यको निर्माणका साथै तिन तहको राज्य प्रणलीको व्यवस्था गरे अनुरुप साविकका स्थानीय निकायहरु स्थानीय तहमा परिणत भएका छन संविधानले स्थानीय तहलाई अधिकार सम्पन्न बनाएको छ, राज्य शक्ति एक ठाउमा केन्द्रित नगरी विभिन्न तह र तप्काबाट प्रयोग गर्ने ब्यबस्था भए अनुरुप दैलेख जिल्ला लाई पनि ४ नगरपालिका र ७ गाउँपालिका गरी ११ वटा

स्थानीय तह गठन भएको छ, ७ वटा गाउपालिका मध्ये नौमूले गाउँपालिका दैलेख जिल्लाको पुर्वी भेगमा अवस्थित एक सुन्दर र प्राकृतिक श्रोतले सम्पन्न गाउँपालिका हो, यस गाउँपालिकामा साविकका ७ गाविस मिलेर वनेको छ । यस गाउँपालिको क्षेत्रफल २२० वर्ग कि.मि. र जनसख्या २०,८०२ जना रहेको छ । यस गाउँपालिका लाई भौगलिक अवस्था र जनसंख्याको अनुपात अनुसार ८ वटा वडामा विभाजन गरिएको छ, यस गाउँपालिको केन्द्र साविकको नौमूले गाविसको भवन नौमूलेमा रहेको छ । करिव ८५ प्रतिशत हिन्दु धर्मालम्वीको बाहुल्यता रहेको यस गाउँपालिकामा मगर, बाहुन, क्षेत्री, ठकुरी, दलित, जनजाती, दलित तथा अल्पसंख्यक समुदायको बसोवास रहेको छ । यस क्षेत्रको प्रसिद्ध धार्मिक स्थलको रुपमा रहेको नौमूलको नामवाट यस गाउँपालिकाको नामाकरण गरिएको हो । अन्य धार्मिक तथा ऐतिहाँसिक स्थलहरुको रुपमा द्वारी झरना, तोली गुफा आदि रहेका छन ।

**२. विद्यमान अवस्थाको समिक्षा :**

आदरणीय उपस्थित महानुभावहरु यस नौमूले गाउँपालिकाको केन्द्र साविकको नौमूले गाविसको गाविस भवनमा तोकिएको छ । पहिलो चरणको निर्वाचन सफलतापुर्वक सम्पन्न भई निर्वाचित जन प्रतिनिधिहरुले आफ्नो गाउँपालिका र वडा कार्यालयहरुबाट विभिन्न विकास निर्माणका साथै प्रशासनिक कामहरु नियमित संचालन भैरहेका छन । कानुनी र नीतिगत दुविधा, कर्मचारीहरुको अभाव हुदाहुदै पनि नौमूले गाउँपालिकाले आफ्नो जिम्मेवारीहरुलाई सफलतापूर्वक सम्पादन गरिरहेको छ ।

**३. यस गाउँपालिकाको सवल पक्षहरु :**

उपस्थित सम्पुर्ण महानुभावहरु ‘‘जलविद्युत, जडिवुटी, पर्यटन, पूर्वाधार ब्यवसायिक कृषि, र सुशासन नौमूलेका मुल आधार” यहि मुल नारा लाई आत्मसाथ गर्दै जिल्लाकै ११ वटा स्थानीय तह मध्ये नमुना गाउँपालिका वनाउने हाम्रो अठोट रहेको छ, वर्तमान अवस्थामा हाम्रो अठोटलाई वास्तविकतामा वदल्ने आधारहरु (सवल पक्ष) यस प्रकार रहेको छ ।

१. जलविद्युतको प्रचुर सम्भावना रहेको ।
२. बहुसंख्यक जनताहरु कृषि प्रणलीमा आधारित ।
३. यस गाउँपालिकाका सवै वडा कार्यालयका केन्द्रहरुमा कच्ची मोटरवाटो पुगेको ।
४. यस गाउँपालिका क्षेत्रभित्रका साविकका सबै गाविसहरु पुर्ण खोपयुक्त, पूर्णसाक्षर, खुल्ला दिशा मुक्त क्षेत्र घोषणा भै सकेको पुर्ण सर सफाइमा अगाडी वढेको अवस्था ।
५. अधिकाश वस्तिहरुमा खानेपानीको पहुँच पुगेको ।
६. धार्मिक तथा सास्कृर्तिक रुपमा सदभाव कायम रहेको ।
७. जडिबुटी प्रशोधन मार्फत राजश्वमा योगदान पुर्यान सकिने प्रसस्त सम्भावना रहेको ।
८. स्लेट, काईनाईट जस्ता प्राकृतिक श्रोतहरु प्रयाप्त मात्रामा रहेको ।

**४. यस गाउँपालिकाको सुधार गर्नुपर्ने पक्षहरु :**

१ सञ्चारको पहुँच सवै ठाउमा सहजरुपमा उपलब्ध हुन नसकेको
२. विद्युतको पहुच नपुगेको, स्थानिय स्तरमा लघु विद्युतको सम्भावना भएर पनि सो को विकास हुन जसकेको
३. बाहै महिना यातायातको सहज ब्यबस्था नहुनु,
४. कृषिमा ब्यवसायीकरण र विविधिकरण हुन नसकेको, निर्वाहमुखी कृर्षि प्रणली
५. गुणस्तरीय शिक्षा तथा सवै वस्तिहरुमा स्वच्छ खानेपानीको उपयुक्त ब्यवस्था हुन नसकेको
६. सहज रुपमा स्वास्थ्य सेवा उपलब्ध हुन नसकेको ।
७. पर्यटक क्षेत्रको पहिचान हुन नसकेको र आन्तरिक पर्यटनलाई प्रवद्धन गर्न नसकेको ।
८. धार्मिक तथा ऐतिहाँसिक महत्वका सम्पदाहरुको पहिचान र संरक्षणको अभाव हुनु ।
९. जैविक विभिदताको संरक्षण औषधीजन्य जडिवुटीको संरक्षणे अभाव ।
१०. खनिज पदार्थ, स्लेट, काईनेटिकको उच्च सम्भावना हुदाहुदै पँहिचान र उत्खन्नमा ध्यान पु-याउन नसक्नु ।
१२. बेरोजगारीका कारण युवा जनशक्ति विदेश पलायन हुनु ।

**५. यस गाउँपालिकाको अवसर**

१. यस गाउँपालिकामा उत्पादित कृषि, पशुजन्य, जडीवुटी, फलफुल, तरकारी, नगदेवाली आदि वस्तुको उत्पादन तथा संकलन केन्द्रको स्थानपना तथा सहज रुपमा निर्यात गरी आय आर्जन बृद्धि गर्न सक्ने ।
२. संचार माध्यमको विकासमार्फत आधुनिक प्रविधियुक्त शिक्षाको अवलम्वन, पर्यटकिय क्षेत्रको प्रचारं प्रसार, टेलिमेडिसिन उपल्ब्ध गराउन सकिने ।

३. उर्भर जमिन, जलश्रोत, वन पैदावर, जडिबुटीजन्य जैविक विविधता जस्ता प्राकृतिक श्रोतहरुको बुद्धिमतापूर्ण उपयोगबाट आर्थिक समृद्धि हाँसिल गर्न सकिने ।
४. पर्यटनजन्य श्रोतहरुको पहिंचान र प्रवर्द्धन गरि आन्तरिक र वाह्य पर्यटनको विकास गर्न सकिने ।
५. यस गाउँपालिकामा रहेका जलश्रोतको सदुयोग गर्दै जलाशयहरु निर्माण गरि लघुजलविद्युत आयोजना संचालन र सिंचाई सुविधा उपलब्ध गर्न सकिने ।
६. यस गाउँपालिकाको विभिन्न क्षेत्रमा रहेका स्लेट र काईनाईट खानीहरुको उत्खनन र प्रशोधन गरी स्लेट उद्योग संचालन गर्न सकिने ।

**६. चुनौतीहरु :**
१. आर्थिक मानविय श्रोत साधनको सिमितताका विच जनताहरुका असिमित मागहरुको सम्वोधन गर्नु ।
२. निर्वाहमुखी कृषि प्रणलीलाई व्यवसायीकरण र विविधिकरण गर्नका लागि प्रयाप्त जनशक्ती उपकरणहरुको अभाव ।
३. विकट भौगोलिक अवस्थितिका कारण सवै वडाहरुमा विकासका पूर्वाधारहरुको विस्तार गर्न कठिनाई ।
३. आधारभुत तथा माध्यामिक तहको शैक्षिक गुणस्तर अभिबृद्धि गर्न प्रयाप्त जनशक्ती तथा आर्थिक श्रोतको कमि।
४. खनिज पदार्थको उत्खनन र प्रशोधन गर्न सिपयुक्त जनशक्ति र प्रविधिको अभाव ।

**७. वार्षिक नीति वजेट तथा कार्यक्रम तर्जुमाका लागि अवलम्बन गरिएको पद्धती :**
१. सहभागितामुलक एकिकृत योजना तथा बजेट तर्जुमा प्रकृया ।
२. वडास्तरीय भेला ।
३. वडा समितिको प्रतिवेदन ।
४. कार्यपालिकामा व्यापक वहस र छलफल पश्चात गाउँसभामा पेश ।

**८. ऐन नियम तथा कायविधिहरु**
१. नेपालको संविधान, २०७२
२. स्थानीय तहको बजेट तर्जुम दिग्दर्शन २०७४
३. स्थानीय निकाय श्रोत परिचालन तथा संञ्चालन कार्यविधि २०६९
४. स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६

**९. विषयगत क्षेत्र शिर्षकहरु**
क. पूर्वाधार विकास क्षेत्र ।
ख. सामाजिक विकास क्षेत्र ।
ग. आर्थिक विकास क्षेत्र ।
घ. वातावरण तथा विपद् व्यवस्थापन ।
ङ संस्थागत विकास, सेवा प्रवाह सु-शासन ।
च. समपुरक कोष ।

**१०. आयोजना प्रथामिकिकरणका आधारहरु :**
१. स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन २०७४ ।
२. पूर्व योजना तर्जुमा गोष्ठी ।
३. वडा भेला ।
४. विषयगत समितिको प्रतिवेदन ।
५. सहभागितामूलक एकिकृत योजना तथा बजेट तर्जुमा बैठक ।
६. मन्त्रालय र जिल्ला समन्वय समिति दैलेखको मार्गदर्शन ।

## खण्ड २. चालु आ.व. २०७३।०७४ को समिक्षा

नेपालको संविधान (२०७२) ले संघिय राज्यको निर्माणका साथै यसले तीन तहको राज्य प्रणालीको व्यवस्था गरे अनुरुप मिति २०७४ वैशाख ३१ गतेको प्रथम चरणको निर्वाचनबाटै यस गाउँपालिकाले नवनिर्वाचित पदाधिकारीहरु प्राप्त गरेको स्थानीय तहबाट सेवा प्रवाह सुचारु भएको अवस्थामा यस नौमूले गाउँपालिकाको

साविकका गाविसहरुबाट संचालन हुने कार्यक्रम तथा योजनाहरु साविक अनुसार संचालन गर्ने र हाल ८ वटै वडाहरुको सिफारिको आधारमा उक्त योजनाको भुक्तानी प्रक्रिया अगाडि बढाउने निर्णय भए अनुसार तपसिल बमोजिमको सुचकका आधारमा कार्यक्रमहरु सम्पन्न गरि प्रगती प्रतिवेदन तयार गर्ने समिक्षा गरिएको छ ।

- साविकका गाउँ विकास समितिका परिषदको निर्णय प्रतिलिपि र उक्त रकम फाल्गुन मसान्त अगाडी भुक्तानी भएको थियो थिएन एकिन गर्नुपर्ने ।
- उपभोक्ता समितिको गठन गरेको प्रमाण, सम्झौता भए नभएको एकीन गर्ने,
- प्राविधिक लागत अनुमान, कार्य सम्पन्न प्रतिवेदन,
- कार्यसम्पन्न प्रतिवेदन अनुसार विल भरपाई, डोर हाजिर र श्रमदानको विवरण
- जनलेखा परिक्षणको भेलाका निर्णय र योजना सम्पन्न भएको फोटो
- योजना खाताको विवरण सबै भरेको हुनुपर्ने
- योजना अनुगमन समितिको प्रतिवेदनमा रकम भुक्तानी दिंदा फरक नपर्ने व्यहोराको सिफारिस
- योजनाको अन्तिम किस्ता भुक्तानी माग गरेको निवेदन
- रित पूर्वक भुक्तानीको लागी पेश भई आएमा वडा सचिवले टिप्पणी आदेश उठाई वडा अध्यक्ष समक्ष सदरका लागि पेश गर्ने
- नियमानुसार कर कटाई भुक्तानी गर्नु पर्ने ।
- सम्पन्न कार्यक्रमको हस्तान्तरण गर्नु पर्ने ।
- स्थानीय गठन पश्चात यस गा.पा.लाई समुन्नत र समृद्ध गराउन सहयोग गर्ने सरकारी तथा गैर सरकारी संघ संस्था अझ पारदर्शी जनतामूखी र सेवाग्राही मैत्री हुनु पर्ने समिक्षा गरिएको
- आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा विविध चुनौती भएता पनि चुनौतीलाई अवसरमा बदली नवनिर्वाचित पदाधिकारीहरु र कर्मचारीहरुको आपसी सहयोग, समन्वय र सहकार्यमा न्यायोचित सेवा प्रवाह गर्ने समिक्षा गरियो ।

# खण्ड ३. आगामी आ.व.२०७४/०७५ को नीति, वजेट तथा कार्यक्रम

**३.१. सोच :**

क. समुन्नत तथा दिगो विकास सहितको समृद्ध नौमूले गाउँपालिका ।

ख. जलविद्युत, जडिवुटी, पर्यटन, पूर्वाधार व्यवसायिक कृषि, र सुशासनको माध्यमबाट अर्थतन्त्रको सुदृढिकरण ।

**३.२. लक्ष्य :**

क. आर्थिक र पूर्वाधार विकासको माध्यमबाट आर्थिक रुपान्तरण गर्ने ।

ख. निर्वाहमुखी कृषि र पशुपालनलाई विविधिकरण गर्दै व्यवसायिक उन्नती र आत्मनिर्भर वनाउने ।

**३.३. उद्देश्य :**

क. सामाजिक रुपान्तरणको प्रमुख आधारशिला रहेको शिक्षा क्षेत्रमा विद्यमान कमिकमजोरी हटाई सुविधासम्पन्न शिक्षण संस्थाहरुको विकास गर्ने ।

ख. आधारभुत तहको स्वास्थ्य सुविधा तथा स्वच्छ खानेपानी र सरसफाईको उचित प्रबन्ध गर्ने ।

ग. चौतर्फी विकासको लागि आवश्यक भौतिक पूर्वाधारहरुको विकास गर्ने ।

घ. कृषि र पशुपालन क्षेत्रको व्यवसायिक उत्पादन गरि उचित वजारिकरणको लागि कृषि संकलन केन्द्रहरुको निर्माण गर्ने ।

ङ एक वडा एक उत्पादन कार्यक्रमको सुनिश्चितता गर्ने ।

च. सार्वजनिक, नीजि, साझेदारी को माध्यमबाट औद्योगिक विकासको शुरुवात गर्ने ।

**३.४. अपेक्षित उपलब्धि :**

क. पूर्वाधार विकासको प्रमुख आधार को रुपमा रहेको सडक सञ्जाल नौमूले बजार बाट दैलेख जिल्ला सदरमुकाम सम्म पुग्ने सडक सञ्जाल साथै नौमूले गाउँपालिका दैलेखको केन्द्र र गाउँपालिकाको वडाहरुसम्म पुग्ने सडक सञ्जालको विस्तार र स्तरोन्नती भएको हुनेछ ।

ख. सैद्धान्तिक शिक्षा प्रणाली क्रमशः व्यवसायिक र प्रविधियुक्त शिक्षा प्रणालीमा रुपान्तरणको शुरुवात भएको हुनेछ ।
ग. यस गाउँपालिकामा रहेका विभिन्न खानीहरुबाट  गुणस्तरीय सामाग्रीहरुको उत्खनन र प्रशोधन भई उचित विक्रिवितरणको थालनी हुने छ ।
घ. सबै वडाहरुमा आधारभुत स्वास्थ्य सेवा सुविधाको प्रत्याभुती हुने छ ।
ङ  स्वच्छ खानेपानी र सरसफाईको पहुँचमा बृद्धि हुने छ ।
च. व्यवसायिक कृषि र पशुपालनबाट उत्पादित कृषि र पशुजन्य उत्पादनको उचित वजारिकरणबाट निर्यातमा बृद्धि हुने छ ।
छ. धार्मिक तथा एतिहाँसिक महत्वका सम्पदाहरुको उचित मर्मत सम्भार, संरक्षण भई पर्यटकिय गन्तव्यको रुपमा विकास हनेछ ।

उपस्थित सम्पूर्ण महानुभावहरु,
अव म नौमूले गाउँपालिकाको आ.व.२०७४/०७५ को सम्रग वार्षिक नीति तथा कार्यक्रम  प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

### ३.५. बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख आधारहरु :

यस गाउँपालिकाको वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्दा प्रत्यक वडाका टोल तथा बस्तीस्तरबाट प्राप्त विषयगत क्षेत्र अनुसार समावेशी र सहभागितामूलक योजना छनौट प्रक्रिया अवलम्बन गरि बार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमा गरि गाउँ सभाले योजना तथा कार्यक्रम स्वीकृत गर्ने प्रक्रिया अवलम्बन गरिएको छ । जसलाई तपसिल बमोजिमको विषय क्षेत्रमा विभाजन गरिएको छ ।

- आर्थिक विकास क्षेत्र :- कृषि, उद्योग तथा बाणिज्य, पर्यटन, सहकारी तथा वित्तिय
- पूर्वाधार विकास क्षेत्र :- सडक, सिचाई, भवन तथा सहरी विकास, उर्जा, घरेलु तथा लघुउद्यम र संचार ।
- सामाजिक विकास क्षेत्र :- शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन, लैगिक समानता तथा समावेशकिरण ।
- वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र :- वन तथा भू:संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन ।
- संस्थागत विकास तथा सेवा प्रवाह :- मानव संशाधन विकास संस्थागत क्षमता विकास, संस्थागत पूर्वाधार ।
- वित्तिय व्यवस्थापन र सु-शासन :- नेपाल सरकारबाट प्राप्त अनुदान, यस गाउँपालिकाको आन्तरिक आय तथा अन्य गैरसरकारी र दातृ निकायहरुबाट प्राप्त अनुदान र साझेदारी कोषको रकमबाट आवश्यक वित्तिय व्यवस्था गरिनुको साथै वित्तिय सुशासनको लागि पारदर्शिता र जवाफदेहिताको नीति अवलम्वन गरिएको छ ।

### ३.६. मुख्य मुख्य आयोजना तथा क्रियाकलापहरु :

क. सहकारी तथा सामुदायिक संस्था मार्फत व्यवसायिक कृषि तथा पशुपालन ।
ख. विकासका प्रमुख पूर्वाधारको रुपमा रहेको सडक सञ्जाललाई सबै वडामा विस्तार स्तरोन्नती गर्ने ।
ग. हाल विद्युतीकरण भैरहेको ना.न.पा. देखि यस गाउँपालिकाको केन्द्र नौमूले सम्म विद्युत संञ्जाल विस्तार गर्नको लागि नेपाल विद्युत प्राधिकरणसंग समन्वय गरि कार्यप्रारम्भ गर्ने ।
घ. स्वच्छ खानेपानी आधारभुत स्वास्थ्य सेवा सुविधा र सरसफाईसंग सम्बन्धित कार्यक्रमहरु सम्बन्धित निकायहरुसग समन्वय गरि संचालन गर्ने ।
ङ  विपद् व्यवस्थापन कोषको स्थापना गर्ने ।
च. सबै प्रकारका विभेद र हिंसा मुक्त गाउँपालिका वनाउनको लागि सम्बन्धित सरोकारवालाहरुसंग आवश्यक समन्वय गरि जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने ।
छ. यस गाउँपालिकाका सबै क्षेत्रमा प्रभावकारी संञ्चार सुविधाको लागि नेपाल टेकिकमसंग समन्वय गरि तत्काल कार्य थालनी गर्ने ।
ज. गुणस्तरीय शिक्षाको लागि पेशागत दक्षता अभिबृद्धि तालिम, गोष्ठी, सिकाई यात्रा, पढाई मेला जस्ता कार्यक्रमहरु संचालन गर्ने ।

झ. महिला, वालवालिका, दलित, जनजाति, अपाङ्ग र आर्थिक रुपले पिछडिएका वर्गको सामाजिक र आर्थिक उन्नतीको लागि विभिन्न साझेदार संस्थाहरुसंग समन्वय गरि आयआर्जनमुलक, सिपमुलक तथा चेतनामुलक कार्यक्रम संञ्चालन गर्ने ।

**३.७ अनुमानित व्यय र स्रोत व्यवस्थापन** :-

उल्लेखित नीति तथा कार्यक्रमहरुको कार्यान्वयनको लागी विषयगत क्षेत्र अनुसार गाउँ कार्यपालिकामा व्यापक छलफल भै यस गरिमामय गाउँ सभाबाट स्विकृतिका लागि अव म आ.व. २०७४/०७५ को अनुमानित आय व्यय प्रस्तुत गर्ने अनुमति चाहन्छु । यस नौमूले गाउँपालिकामा संघीय सरकारबाट प्राप्त वित्तिय समानिकरण रकम रु. १८ करोड ५१ लाख ३३ हजार, सर्शत अनुदान ८ करोड ४१ लाख १५ हजार, कार्यालय व्यवस्थापन वापत प्राप्त ४८ लाख र अनुमानित आन्तरिक आम्दानी १० लाख, गै.स.स. अनुदान ४ करोड ७९ लाख ३८ हजार ८ सय ३० गरि जम्मा रकम ३२ करोड २९ लाख ८६ हजार ८ सय ३० मात्र आय अनुमान गरेका छौ । भने सो मध्ये शिक्षा र स्वास्थ्यको सर्शत रकम (सोझै जाने रकम) ८ करोड ४१ लाख १५ हजार रकम रहेको छ ।

अन्तमा
यस नौमूले गाउँपालिकाको पहिलो गाउँ सभाध्यक्ष महोदय, प्रमुख अतिथि, विशेष अतिथि, सम्पुर्ण अतिथिगण, विभिन्न राजनैतिक दलका प्रमुख एवं प्रतिनिधि लगायत गाउँ सभाका सम्पुर्ण सदस्यहरु, सम्पुर्ण कार्मचारी एवं विभिन्न विद्यालयका प्र.अ. तथा शिक्षक मित्रहरु, विभिन्न संञ्चार माध्यमका संञ्चारकर्मी मित्रहरु, तथा सम्पूर्ण आमा वुवा दाजुभाई तथा दिदि वहिनीहरु प्रति आभार व्यक्त गर्दै प्रस्तुत नीति तथा कार्यक्रम स्विकृति पश्चात सफल कार्यानवयनको लागि आ-आफ्नो क्षेत्रबाट रचनात्मक सहयोगको अपेक्षा गर्दछु ।
अन्तमा यस नौमूले गाउँपालिकाको समग्र विकास र सम्बृद्धिको लागी यस गाउँपालिकामा क्रियाशिल राजनैतिक दल जन निर्वाचित जनप्रतिनिधिहरु नागरिक समाज, निजि क्षेत्र, समस्त बौद्धिक वर्ग, पत्रकार तथा आम नागरिकको साझा सहमती र प्रतिवद्धताका साथ प्रभावकारी सहभागिता जनाउनका लागी हार्दिक अनुरोध गर्दै समुन्नत र सम्बृद्ध नौमूले गाउँपालिका बनाउने हाम्रो अभियानमा सबै पक्षबाट भएको सृजनात्मक र रचनात्मक सहयोग को लागी हार्दिक आभार व्यक्त गर्दै विदा चाहान्छु ।

मिति : २०७४ साउन ०२ गते

उपाध्यक्ष
(अमृता सिंह)
नौमूले गाउँपालिका, दैलेख
६ नं प्रदेश, नेपाल

# नौमूले गाउँपालिका

## नौमूले, दैलेख

# आ.ब. २०७४।७५ को आर्थिक ऐन

३१ असार २०७४

नौमूले गाउँपालिका दैलेख

# नौमूले गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः नौमूले** गाउँपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,
नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम **नौमूले** गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** १ यस ऐनको नाम "आर्थिक ऐन, २०७४" रहेको छ ।
२ यो ऐन २०७४ साल श्रावण १ गतेदेखि **नौमूले**गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः**गाउँपालिकाक्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ।

३. **भूमि कर (मालपोत)**ः गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः**गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः**गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः**गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः**गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः**गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः**गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः**गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि ११ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **पर्यटनशुल्कः**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १२ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१४. **कृषि सम्बन्धी दस्तुरः**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालित कृषि व्यवसायहरुबाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **विविधशुल्कः**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र अनुसूची १४ मा उल्लिखित दरमा विविध शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१६. **कर छुटः**यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१७. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

## अनुसूचीहरु

## अनुसूचि –१

**सम्पत्ति कर:** गाउँपालिका/नगरपालिका क्षेत्रभित्र अनुसूचि १ बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।

*एकीकृत सम्पत्तिकर तत्काल लागु गर्न घर तथा जग्गाको वैज्ञानिक र विस्तृत वर्गीकरण गर्नुपर्ने भएकोले तत्काल लागु गर्न असम्भव देखिएकोले आ.व २०७५।७६ देखि लागु गर्न २०७४।७५ साउन देखि नै गृहकार्य थालिने ।*

## अनुसूची –२

**भूमिकर (मालपोत ):** गाउँपालिका/नगरपालिका क्षेत्रभित्र अनुसूचि २ बमोजिम भूमिकर (मालपोत)लगाइने र असूल उपर गरिनेछ।

| क.स | विवरण | आ.व २०७३/७४ | २०७४/७५ | कैफियत |
|---|---|---|---|---|
| क | आय तथा घर जग्गा मूल्यांकन | | | |
| | क , रु २ लाख सम्म | | २०० | |
| | ख रु २ लाख भन्दामाथि १० लाख सम्म | | ५०० | |
| | ग रु १० लाख भन्दा माथि | | १००० | |
| ख | मालपोत शुल्क प्रति रोपनी | | | |
| | खेत /बारी | | ० | |
| | अब्बल | | ० | |
| | दोयम | | ० | |
| | सिम | | ७ | |
| | चाहार | | ४ | |
| | चौकिल्ला प्रमाणित | | २०० | |
| | घर सम्पन्न प्रमाणित | प्रत्येक तलाको १००० | | घडेरी प्रति १०० वर्गमिटर सम्म रु २५ र सो भन्दा बढिको रु ३५ । |

बार्षिक बक्यौता रु १० प्रतिशतले हुन आउने रकम ।

## अनुसूची ३

### घरबहाल कर :

| क.स | विवरण | आ.व २०७३/७४ | २०७४/७५ | कैफियत |
|---|---|---|---|---|
| १ | पक्की घर(आर्फै बस्ने आवास प्रयोजनको लागि) आरसीसी पिल्लर भएको | | | |
| १.१ | एक तले | | ५० | |
| १.२ | दुइ तले | | १०० | |
| १.३ | तीन तले | | १५० | |
| १.४ | चार तले | | २०० | |
| २ | पक्की घर(व्यावसायिक/भाडामा दिने प्रयोजनको लागि) वार्षिक कर | | सम्झौता रकमको १० प्रतिशत | |
| २.१ | एक तले | | | |
| २.२ | दुइ तले | | | |
| २.३ | तीन तले | | | |
| २.४ | चार तले वा सो भन्दा माथि | | | |
| ३ | ढुङ्गा, माटोले बनाएको र ढुङ्गा वा जस्तापाताले छाएका घर | | | |
| ३.१ | व्यक्तिगत प्रयोजन | | २५ | |
| ३.२ | व्यावसायिक प्रयोजन | | १० प्रतिशत | |

### स्रोत परिचालन

| क.स | विवरण | आ.व २०७३/७४ | २०७४/७५ | कैफियत |
|---|---|---|---|---|
| १ | हल भाडा प्रति दिन (गा.पा वा वडा हल) | | १०० | |
| १.१ | कुर्सीमात्र प्रति दिन प्रति कुर्सी | | १० | |

**धरौटी वापतको रकम रु ५००० ।**

## अनुसूची ४

## व्यवसाय कर :

| क्र.स | विवरण | आ.व २०७३/७४ | २०७४/७५ | कैफियत |
|---|---|---|---|---|
| १ | मदिरा पसल | | | |
| १.१ | वितरक | | १००० | |
| १.२ | थोक बिक्रेता पसल | | ५०० | |
| १.३ | खुद्रा बिक्री पसल | | ३०० | |
| २. | चुरोट बिडी सुर्तीजन्य | | | |
| | वितरक | | १००० | |
| | थोक बिक्रेता पसल | | ५०० | |
| | खुद्रा बिक्री पसल | | ३०० | |
| ३ | हल्का पेय पदार्थ | | | |
| | थोक बिक्रेता पसल | | १००० | |
| | खुद्रा बिक्री पसल | | ३०० | |
| ४ | सुनचाँदी पसल | | | |
| | थोकरुपमा फेन्सी गहना बनाई बिक्री गर्ने पसल | | १५०० | |
| | साना वा हातले गहना बनाई बिक्री गर्ने पसल | | ७०० | |
| | साधारण गहना बनाउने तथा मर्मत गर्ने पसल | | ५०० | |
| ५. | औषधी पसल | | | |
| | औषधी थोक बिक्रेता | | १५०० | |
| | औषधी खुद्रा पसल(डाक्टर भएको ) | | १००० | |
| | औषधी खुद्रा पसल(डाक्टर नभएको) | | ५०० | |
| ६. | आयुर्वेदिक औषधी पसल | | ५०० | |
| ७ | एग्राभेट पसल | | | |
| | थोक बिक्रेता पसल | | १५०० | |
| | खुद्रा बिक्री पसल | | ५०० | |
| ८. | स्टेशनरी तथा पुस्तक पसल | | ५०० | |
| ९. | छपाई तथा प्रकाशन | | | |
| | अफसेट प्रेस | | १५०० | |
| | साधारण प्रेस फ्लेक्स बोर्ड समेत | | १००० | |
| १०. | कस्मेटिक पसल, ब्युटी पार्लर समेत | | ५०० | |
| ११. | मोटरपार्टस् | | | |
| | थोक बिक्रेता पसल | | २००० | |
| | खुद्रा बिक्री पसल | | ५०० | |
| १२. | प्लाई तथा ग्लास | | | |
| | थोक बिक्रेता पसल | | २००० | |
| | खुद्रा बिक्री पसल | | ५०० | |
| १३. | कपडा तथा फेन्सी | | | |
| | थोक बिक्रेता पसल | | २००० | |
| | खुद्रा बिक्री पसल | | ५०० | |
| १४ | ब्याग हाउस | | | |
| | थोक बिक्रेता पसल | | १००० | |
| | खुद्रा बिक्री पसल | | ५०० | |
| १५ | धागो टाक पसल | | १५० | |
| १६ | इलेक्ट्रोनिक्स पसल | | | |
| | थोक बिक्रेता पसल | | १५०० | |
| | खुद्रा बिक्री पसल | | ५०० | |
| | मोबाईल  घडी रेडियो क्याल्कुलटर अडियो भिडियो क्यासेट, टिभी | | १००० | |
| १८. | विद्युत सामाग्री पसल | | | |
| | थोक बिक्रेता पसल | | १००० | |
| | खुद्रा बिक्री पसल | | ५०० | |
| १९. | हार्डवयर, मेसिनरी, पेन्टस, स्यानिटरी,मार्वल पसल | | | |
| | थोक बिक्रेता पसल | | १००० | |
| | खुद्रा बिक्री पसल | | ५०० | |
| २०. | पेट्रोलियम पदार्थ | | | |
| | पेट्रोलपम्प | | २००० | |
| | ग्यास सिलीन्डर सबडिलर | | ५०० | |

| | | | | |
|---|---|---|---|---|
| | मट्टीतेल मात्र विक्री | | ३०० | |
| २१. | स्टिल आलुमिनिय पसल | | | |
| | थोक बिक्रेता पसल | | २००० | |
| | खुद्रा बिक्री पसल | | ७०० | |
| २२. | फर्निचर | | | |
| | थोक बिक्रेता पसल | | १००० | |
| | खुद्रा बिक्री पसल | | ५०० | |
| २३. | सवारीसाधन विक्री पसल | | | |
| | बस ट्याक्टर ट्रक जिप कार भ्यान डिलर | | ५००० | |
| | मोटरसाइकल डिलर | | ३००० | |
| | साइकल डिलर | | १००० | |
| | रिकन्डिसन हाउस | | ५०० | |
| | विविध विषयका सामान सप्लायर्स | | १००० | |
| २४. | दैनिक उपभोग्य वस्तु | | | |
| | खाद्यान्न किराना थोक | | ५०० | |
| | खाद्यान्न किराना खुद्रा | | २५० | |
| | सानो किराना पसल आलु प्याज लसुन अदुवा | | २०० | |
| २५ं | फलफूल पसल | | | |
| | थोक बिक्रेता पसल | | १००० | |
| | खुद्रा बिक्री पसल | | ३०० | |
| २६ | तरकारी पसल | | | |
| | थोक बिक्रेता पसल | | १००० | |
| | खुद्रा बिक्री पसल | | २०० | |
| २७. | सुति कपडा पसल | | | |
| | थोक बिक्रेता पसल | | १००० | |
| | खुद्रा बिक्री पसल | | ३०० | |
| २८ | विशेषज्ञ परामर्श तथा अन्य व्यावसायी सेवा | | | |
| २८.१ | चिकित्सक | | २००० | |
| २८२ | कन्सल्टेन्ट सेवा(इन्जिनियरिङ्ग) | | २००० | |
| २८.३ | कानुन व्यावसायी ⁄ल फर्म | | १००० | |
| २८.४ | लेखापरीक्षण व्यावसायी<br>सि ए<br>क ख<br>ग घ | | <br>२०००<br>१५००<br>१००० | |
| २८.९ | दन्त चिकित्सक | | १५०० | |
| २८.१० | अनुसन्धानकर्ता⁄परामर्शदाता | | २००० | |
| २८.११ | पशु चिकित्सक डाक्टर<br>पशु चिकित्सक सेवा प्रदायक | | १५००<br>३०० | |
| २८.१२ | ढुवानी तथा ट्रान्सपोर्ट | | | |
| २८.१२.१ | क वर्ग | | १५०० | |
| २८.१२.२ | ख वर्ग  ग बर्ग | | १००० | |
| २८.१२.२ | पेन्टर | | १००० | |
| २९ | निर्माण व्यावसायी | | | |
| | नेपाल सरकारबाट इजाजत प्राप्त क वर्गको  निर्माण व्यवसायी | | ५००० | |
| | नेपाल सरकारबाट इजाजत प्राप्त ख वर्गको  निर्माण व्यवसायी | | ३५०० | |
| | नेपाल सरकारबाट इजाजत प्राप्त ग वर्गको  निर्माण व्यवसायी | | २५०० | |
| | नेपाल सरकारबाट इजाजत प्राप्त घ वर्गको  निर्माण व्यवसायी | | २००० | |
| ३०. | भवन निर्माण | | | |
| | मिक्सचर र सटरीङ्ग सामान भएको | | २००० | |
| | सटरीङ्ग सामान मात्र भएको | | १५०० | |
| ३१ | उत्पादनमूलक उद्योग | | | |
| ३१.१ | ग्रील उद्योग | | १००० | |
| ३१२ | जुत्ता उद्यौग तथा सो रुम | | १००० | |
| | जुत्ता सोरुम मात्र | | ५०० | |
| | पशु आहार बिक्री केन्द्र | | ५०० | |
| | घरेलु कुटिर उद्योग(अगरबत्ती, मैनबत्ती,टीकी, अचार तथा अन्य | | २०० | |

| | | | | |
|---|---|---|---|---|
| | कुटिर) | | | |
| ३२. | कपडा तथा गार्मेन्ट उद्यौग | | १५०० | |
| ३२.१ | सिरक डसना उद्योग पसल | | १०० | |
| ३३. | कुटानी पेलानी | | | |
| | फ्लोर मिल | | ५०० | |
| | सेलर मिल | | ५०० | |
| | होलर मिल | | ५०० | |
| | चिउरा मिल | | ५०० | |
| | मसला मिल | | ५०० | |
| ३४ | डेरी उद्योग | | | |
| | थोक बिक्रेता | | १००० | |
| | खुद्रा | | २०० | |
| ३५ | उपभोग्य वस्तु उत्पादन उद्योग | | | |
| | कुकिज नुडल्स | | ५०० | |
| | दालमोट पाउरोटी चाउमीन | | ५०० | |
| ३६ | वनजन्य उद्योग | | | |
| | स मिल प्लाइउड उद्योग | | ५००० | |
| | काठ बिक्री डिपो | | ५००० | |
| | काठको फर्निचर उद्योग र सो रुम | | १०० | |
| ३७ | क्रसर/कन्क्रीट/इटा भट्टा उद्योग | | ८००० | |
| ३८ | पर्यटन उद्योग | | | |
| | होटल लज रेष्टुरेन्ट | | ५०० | |
| | भोजनालय | | ५०० | |
| | मिठाई पसल | | ५०० | |
| | पार्टी प्यालेस | | २००० | |
| | साना खाजा नास्ता पसल / मदिरासहित | | ५०० | |
| ३९. | टेन्ट हाउस | | १००० | |
| ४०. | सेवा उद्योग | | | |
| | कलरल्याव/फोटो स्टुडियो | | १००० | |
| | सिनेमा हल | | २००० | |
| ४१. | सञ्चार | | | |
| | केवुल च्यानल प्रसारण | | १००० | |
| | एफ एम प्रसारण | | १००० | |
| | पत्रपत्रिका प्रकाशन सेवा | | ५०० | |
| | फोटोकपी, पी.सि.ओ साइबर तथा क्याफे | | ३०० | |
| | कुरियर सेवा | | १५० | |
| **४२ वित्तीय सेवा** | | | | |
| | वाणिज्य वैंक प्रति शाखा कार्यालय | | ५००० | |
| | विकास वैंक प्रति शाखा कार्यालय | | ३५०० | |
| | फाइनान्स कम्पनी प्रति शाखा कार्यालय | | २५०० | |
| | वित्तीय सहकारी संस्था | | ७०० | |
| | रेमिटेन्स सेवा | | ५०० | |
| **४३ स्वास्थ्य सेवा व्यवसाय** | | | | |
| | निजी अस्पताल तथा नर्सिङ्ग होम | | ५००० | |
| | क्लिनिक | | ३५०० | |
| | चस्मा पसल | | १००० | |
| ४४ | शिक्षा सेवा | | | |
| | निजी क्याम्पस तथा मा.वि | | ५००० | |
| | निजी आधारभूत विद्यालय | | १००० | |
| | निजी प्रा.वि/ मन्टेश्वरी | | ७०० | |
| | सवारी चालक तालिम | | ५०० | |
| | भाषा शिक्षा कोचिङ्ग सेन्टर | | १००० | |
| ४५ | मर्मत सम्भार | | | |
| | वोडी मर्मत गर्ने | | ५०० | |
| | टायर ट्युव मर्मत/ रिसोलिङ्ग,हावा भर्ने | | ३०० | |

| | | | | |
|---|---|---|---|---|
| | इन्जिन मर्मत | | ५०० | |
| | डेन्टिङ्ग पेन्टिङ्ग | | ५०० | |
| | टि.भी फिज मोटर पङ्गा रेडियो घडी जेनेरेटर कम्प्युटर मर्मत मोबाइल | | ५०० | |
| | मोटरसाइकल मर्मत | | ५०० | |
| | बस,ट्याक्सी लगायतका सवारी साधन मर्मत | | ५०० | |
| ४६ | ड्राइ क्लिनिक, व्युटी पार्लर तथा सैलुन | | ५०० | |
| ४७ | साइनबोर्ड आर्टस व्यवसाय | | ५०० | |
| ४८ | माछामासु विक्री पसल | | २०० | |
| ४९ | फूल विरुवा पसल | | २०० | |
| ५० | भाडा पसल तथा किचन सामाग्री | | ७०० | |
| ५१ | खैलौना, गिफ्ट हाउस, तथा फोटो फ्रेम | | ३०० | |
| ५२ | माथि उल्लेख नभएका पेशा व्यवसाय | | ५०० | |

**अन्य सेवा :**

| क.स | विवरण | आ.व २०७३/७४ | २०७४/७५ | कैफियत |
|---|---|---|---|---|
| | बिमा एजेन्ट | | १००० | |
| | सर्भेयर | | १५०० | |
| | नोटरी | | ५०० | |

## अनुसूची ५

| |
|---|
| जडीबुटी रु ७००० । |
| कवाडी रु ३०० । |

## अनुसूची – ६

सवारी साधन कर :

| क.स | विवरण | आ.व २०७३/७४ | २०७४/७५ | कैफियत |
|---|---|---|---|---|
| १ | क. बस, ट्रक, लरी  र अन्य हेभी गाडीमा | | १००० | |
| १.१ | ख. भाडाका कार, जीपमा | | ५०० | |
| १.२ | ग. भाडाको मिनीबसमा | | ७०० | |
| १.३ | घ. निजी कार, मिनीबसमा | | २०० | |
| २. | ङ. स्कुटर, मोटरसाइकल तथा अन्य सवारी साधनमा | | १०० | |
| | च. ठेलागाडा तथा रिक्सामा | | १५० | |
| | च. रातो कालो प्लेट भएका भाडामा चल्ने टेक्टर | | १०० | |

**द्रष्टव्य : एक गाउँपालिकाले सवारी दर्ता तथा वार्षिक सवारी कर लिएपछि अर्को गाउँपालिकाले त्यस्तो सवारी दर्ता तथा वार्षिक सवारी कर लिन पाउँनेछैन ।**

## अनुसूची – ७

**विज्ञापन कर :**

| क.स | विवरण | आ.व २०७३/७४ | २०७४/७५ | कैफियत |
|---|---|---|---|---|
| १ | सार्वजनिक स्थानमा विज्ञापन वा साइनबोर्ड राखेवापत वार्षिक व्यावसायिक को लागि | | १००० | |

## अनुसूची – ८

**मनोरञ्जन कर :**

क. सिनेमा हल तथा मनोरञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्कमा २ प्रतिशत कर लाग्ने छ ।

ख. जादु सर्कस चटक आदिमा प्रतिदिन १०० कर लाग्ने ।

## अनुसूची – ९

**बहाल बिटौरी कर**

| क.स | विवरण | आ.व २०७३/७४ | २०७४/७५ | |
|---|---|---|---|---|
| ५३ | टहरो छाप्रोको बार्षिक | | १०० | |
| ५४ | घुम्ती बार्षिक | | १०० | |
| ५५ | ठेला मासिक | | १० | |

## अनुसूची – १०

**पार्किङ्ग शुल्क :**

| क.स | विवरण | आ.व २०७३/७४ | २०७४/७५ | कैफियत |
|---|---|---|---|---|
| ५६ | बस , ट्रक, ट्याक्टर, जीप प्रतिघण्टा | | २० | पार्किङ्ग शुल्क बसपार्क स्थल व्यवस्थित |

| | | | | |
|---|---|---|---|---|
| ५७ | मोटरसाइकल ठेला गाडा र अन्य साधन प्रतिघण्टा | | १० | भएपछि मात्र लाग्ने |
| ५८ | बहाल मा दिएको घर खाली गराउँदा प्रतिदिन | | | |

## अनुसूची – ११

### सेवा शुल्क/ दस्तुर :

| क.स | विवरण | आ.व २०७३/७४ | २०७४/७५ | कैफियत |
|---|---|---|---|---|
| १ | नागरिकता सिफारिस | ५० | ५० | |
| २ | नागरिकता प्रतिलिपि सिफारिस | | १०० | |
| ३ | स्वदेशको लागि सामान्य सिफारिस | | ५० | |
| ४ | नाम थर संसोधन सिफारिस | | ५० | |
| ५ | नाता प्रमाणित सिफारिस /नाता कायम सिफारिस/बसोबास प्रमाणित सिफारिस | | ५० | |
| ६ | पारिवारिक विवरण सिफारिस | | ५० | |
| ७ | पिछडिएको क्षेत्र सिफारिस | | | |
| ८ | नावलक सिफारिस | | ५० | |
| ९ | जन्ममिति प्रमाणित सिफारिस | | ५० | |
| १० | विवाहदर्ता सिफारिस | | ५० | |
| ११ | अविवाहित प्रमाणित सिफारिस/व्यक्ति सिफारिस | | ५० | |
| १२ | व्यावसाय दर्ता सञ्चालन सिफारिस | | २०० | |
| १३ | मदिरा व्यवसाय सिफारिस | | ५०० | |
| १४ | व्यक्तिगत घटना दर्ता (३५ दिन पछि) | | ५० | |
| १५ | घर नभएको जग्गा खरिद बिक्री, बकस पत्र,सट्टा पट्टा आदि प्रयोजनको लागि मालपोत कार्यालयलाई गर्ने सिफारिस/घर समेत भएको जग्गा सिफारिस | | ५० | |
| १६ | जग्गावालाको मृत्युपछि नामसारि वा अंशवण्डा प्रयोजनको लागि मालपोत कार्यालयलाइ गरिने सिफारिस/ घर समेत भएको जग्गा सिफारिस | | १०० | |
| १७ | पेन्शन पट्टा सिफारिस | | २०० | |
| १८ | खानेपानी विद्युत टेलिफोन जडान र नामसारी, ठाउँसारी सिफारिस | | ५० | |
| १९ | विविघ इजाजत दस्तुर | | २०० | |
| २० | विभिन्न उद्योगको सिफारिस | | २०० | |
| २१ | पेट्रोल डिजेल पम्प स्थापना सिफारिस | | २००० | |
| २२ | प्रत्येक सिफारिस अडग्रेजीमा | | १००० | |
| २३ | प्रत्येक सिफारिस अडग्रेजी र नेपालीमा | | ११०० | |
| २४ | अस्थायी घर इजाजत दस्तुर | | १०० | |
| २५ | वस्तुगत विवरण (घर, गोठ, टहरा, भए नभएको) प्रमाणित सिफारिस<br>क. बजार क्षेत्र<br>ख. ग्रामीण क्षेत्र | | <br>१००<br>५० | |
| २६ | छात्रवृत्ति सिफारिस दस्तुर | | निशुल्क | |
| २७ | सम्बन्ध विच्छेद सिफारिस | | ५०० | |
| २८ | मिलापत्र बक्सौनी दस्तुर | | ३०० | |
| २९<br>३० | अन्य विविध व्यक्तिगत सिफारिस<br>अन्य विविध संस्थागत सिफारिस | | ५०<br>१०० | |

## अनुसूची – १२ पर्यटक शुल्क

पर्यटकीय स्थल निर्माण भएपछि शुल्क निर्धारण गरिनेछ ।

स्वदेशी रु १००। विदेशी रु ५००।

## अनुसूची – १३

### कृषि सम्बन्धी दस्तुर

| |
|---|
| पशुपालन फर्म सञ्चालन शुल्क : ५०० व्यावसायिक कृषि फर्म " ": ५०० |
| पन्छी पालन " " : ५०० मौरीपालन तथा माछापालन शुल्क " " : ५०० |

# अनुसूची – १४

**विविध शूल्क : पटके कर**

फेन्सी खुद्रा सामान कपडा चप्पल आदि प्रतिदिन : १००
खाद्यान्न सामान गाडी द्धारा घुमाएर बेच्नेहरुको लागि प्रति दिन : १००
आलु तरकारी गाडी द्धारा घुमाएर बेच्नेको लागि प्रतिदिन : ५०
पोका वा झोलामा सामान राखी मोटरसाइकल वा आफैले बेच्ने प्रतिदिन : २००

नौमूले गाउँपालिका दैलेख

# नौमूले गाउँपालिकाको विनियोजन ऐन, २०७४

नौमूले गाउँपालिकाको आर्थिक बर्ष २०७४०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**सभाबाट स्वीकृत मितिः २०७४।०४।०२**

प्रस्तावनाः नौमूले गाउँपालिकाको आर्थिक बर्ष २०७४।०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम नौमूले गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "नौमूले गाउँपालिकाको विनियोजन ऐन, २०७४" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक बर्ष २०७४०७५ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७४०७५ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.२७ करोड ४० लाख ४८ हजार मात्र मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४०७५ को निमित्त नौमूले गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बितीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**संञ्चित कोषबाट विनियोजन हुने रकम**

रु. हजारमा

| क्र.स. | अनुदान सङ्ख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | गाउँ कार्यपालिका | ५०००० | १३,५५,३३ | | २६,९२,४८ |
| २ | | वडा समिति | | | | |
| ३ | | विषयगत शाखा | | | | ८,४१,१५ |
| ४ | | नौमूले गाउँपालिका तथा वडा कार्यालयहरु तथा विषयगत शाखा कार्यालय व्यवस्थापन | | ४८०० | | ४८०० |
| ५ | | ऋणको साँवा ब्याज भूक्तानी | ० | ० | ० | ० |
| ६ | | लगानी (सेयरऋण) | ० | ० | ० | ० |